जनप्रतिनीधिले विपद् व्यवस्थापनमा धेरै गर्न सक्छन्। पृष्ठ ६

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

sfof{ho
थाहा नगरपालिका-७
शिखरकोट, मकवानपुर
kmf]g g+
०५७-४०००१०
Odh]n
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com

खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१०, ● अंक-०५, ● २०७४ साउन ३० गते सोमबार, ● 14 June, 2017, ● नेपाल सम्वत्-११३७, ● पृष्ठ-६, ● मूल्य रु. ५/-

## कृषकहरू इन्टरनेटमै खोज्छन् खेती प्रविधि

### वैदेशिक रोजगार त्याग्दै, खेतीपाती गर्दै

◆ सुरजकुमार भुजेल
थाहानगर

मकवानपुरको थाहा नगरपालिका वडा नम्बर ६ का कृष्णभक्त महर्जन मिहिनती युवा हुन् । सातवर्ष अघि बज्रवाराहीमा गोलभेडा फलाउँछु भनेर आँट गर्ने कृष्णभक्तको सपना अहिले आएर साकार भएको छ । शुरूमा त उनले रहरै रहरमा छाप्रै नहाली खुल्ला खेतमै गोलभेडा रोपे । रोपेको गोलभेडा फलेपछि खुशी भए । तर उनको त्यो खुशी धेरै समय टिकेन न त गोलभेडा नै टिक्यो । झरीले गोलभेडाको बोट फत्याकफुतुक्कै गल्यो । उनलाई सिकाई भयो, यसलाई छाप्रो हाल्यो भने टिक्छ होला ।



गोलभेडा टनेलमा कृषक कृष्णभक्त महर्जन

खुल्ला ठाउँमा गोलभेडा नटिक्ने थाहा पाएपछि बाँसको सहायताले खेतमा एकैपल्ट तीनवटा प्लाष्टिक टनेल बनाए । टनेल बनाउने तरिका कृष्णभक्तले टिभीमा कृषि कार्यक्रम हेररै जानेको सुनाउँछन् । गोलभेडा रोप्ने तरिका, उपचार विधि सबै कुरा उनले टिभीमा हेररै थाहा पाएका हुन् । टनेल बनाएको २/३ वर्षसम्म त उनले फाइदा लिनै सकेनन् । यति हुँदा पनि कृष्णभक्तले हरेस खाएनन् । त्यतिबेला बज्रवाराही ऐलाखका तेज बहादुर उप्रेतीले पनि टनेलमा गोलभेडा रोप्न थालेका थिए । स्नातक तहसम्म अध्ययन गरेका उनी गोलभेडा खेती प्रविधिको बारेमा इन्टरनेटमा खोज्न थाले । गोलभेडा रोप्ने सीप, उपचार विधि, खाद्य तत्वलगायतको कुराहरू इन्टरनेटबाटै थाहा पाएपछि उनको मिहिनत खेर जान छोड्यो । खेतको गोलभेडाले उनलाई फाइदा दिन थाल्यो । कृष्णभक्त भन्छन्-'मुख्य कुरा ज्ञान रहेछन, त्यो इन्टरनेटबाट थाहा भयो, त्यही अनुसार गरे बाली सप्रिन थाल्यो ।'

कृष्णभक्तको खेतमा अहिले ८ वटा प्लाष्टिक टनेल छन् । उनले यो वर्ष ४ वटामा गोलभेडा र बाँकी ४ वटामा भेडे खुर्सानी रोपेका छन् । टनेलमा मात्रै साँढे चारलाख रूपियाँ लगानी गरेको बताए । सबै टनेलमा थोपा सिंचाई जडान गरी मल्चिङ प्रविधि अपनाएका छन् । विरूवाको फेदसम्म खाद्य तत्व र वस्तुभाउको गहुत थोपा सिंचाइकै माध्यमबाट पुऱ्याउँछन् । असाध्यै स्याहार गर्नुपर्ने बाली गोलभेडा र भेडे खुर्सानीलाई उनका परिवारकै सदस्यले हुर्काइरहेका छन् । खेतको थोरै क्षेत्रफलबाट पनि राम्रो आम्दानी गर्न सकिने टनेल खेतीबाट उनको परिवारको आम्दानी वर्षैपिच्छे बढ्दै गएको छ ।

मिहिनत अनुसार फरक परे पनि औषत एक बोट गोलभेडाबाट उनले १२ देखि १४ किलोसम्म उत्पादन हुने गरेको सुनाए । उनले भने-'एक बोटमा १२ किलो मात्रै फले पनि फाइदा राम्रै हुन्छ, तर भाउ चाहिँ हुनु पऱ्यो ।' अहिले बज्रवाराहीमा गोलभेडा प्रतिकिलो ७० रूपियाँ र भेडे खुर्सानी ४५ रूपियाँ प्रति किलोमा विक्रि भइरहेको कृषक कर्माचार्यले जानकारी दिए । उनको टनेलमा एक हजार पाँचसय बोट गोलभेडा र एक हजार पाँचसय बोट नै भेडे खुर्सानी भरेली भएर फलिरहेका छन् । उनले गोलभेडा र भेडे खुर्सानीबाटै मासिक पौने दुईलाख रूपियाँसम्मको आम्दानी भइरहेको सुनाए ।

कृष्णभक्तको खेतमा भएका टनेल मध्ये दुईवटा मात्र बाँसका छन् भने अरू ग्याल्भोनाइज र रड तथा पाइपका रहेका छन् । उनी बाँसको टनेल ७/८ वर्षसम्म टिक्न सक्ने अनुभव सुनाउँछन् भने अरू १५ वर्षसम्म टिक्ने बताउँछन् ।

वैदेशिक रोजगार भन्दा पनि स्वदेशमै केही गरौं भन्ने भावना भएका महर्जनले २२ हप्ते आइपीएम (एकीकृत शत्रुजीव व्यवथापन) तालीम लिएका छन् । तालीम लिकै कारण उनी बालीमा विख छर्ने कुरामा निकै सचेत छन् । बालीमा रोग देखिने वित्तिकै उनी इन्टरनेटमा सर्च गरिहाल्छन् कि त, कृषि सेवा केन्द्रका कृषि प्राविधिकलाई बोलाउँछन् । कृषि प्राविधिकको सल्लाह र इन्टरनेटबाट पाएको ज्ञानलाई उनी बाली हुर्काउन प्रयोग गर्छन् । उनका लागि कृषि सेवा केन्द्र दामनका प्राविधिक र इन्टरनेट प्रविधि बाली फस्टाउन सहयोग गर्ने सारथि भएका छन् । बालीमा सितिमिती विख नछर्ने कृष्णभक्त यदि छर्नै परे पनि पर्खिने समय पूरा गरेर मात्र बाली टिप्छन् । टनेलमा खेती गरेर राम्रो सफलता हासिल गरेका महर्जन आगामि वर्ष बीस वटा टनेल थप्ने योजनामा छन् । कृषि सेवा केन्द्र दामनका कृषि प्राविधिक मधुसुदन आचार्य सफल कृषकहरूको सूचीमा एक अब्बल कृषक कृष्णभक्त महर्जन भएको बताउँछन् । कृषक कृष्णभक्त गाउँकै प्रेरणाका स्रोत व्यक्ति भएको प्राविधिक आचार्यले बताए । कृषि भ्रमणमा आउनेहरू पनि कृष्णभक्तको टनेल अवलोकन गर्न नछुटाउने उनको भनाइ छ ।

> 'कृष्णभक्त गोलभेडा र भेडे खुर्सानीबाट महिनामै पौने दुई लाख कमाउँछन् ।'

बज्रवाराहीमा पाँच वर्षसम्म टेलर व्यवशाय गरेका उनी सबै किसिमको कपडा सिलाउन पनि सिपालु छन् । उनी टेलर संचालनपछि मात्र टनेल खेतीतर्फ उन्मुख भएका हुन् । तीनजना कर्मचारी नै राखेर कपडा सिलाउने व्यवशाय गरेका कृष्णभक्तले कृषिबाट थप राम्रो आम्दानी हुने बुझेपछि यसतर्फ लागेको बताउँछन् ।

## उत्तरी मकवानपुरको प्रतिनीधित्व गर्दै बलामीले लिए सपथ



◆ विकास समाचारदाता

जिल्ला समन्वय समिति मकवानपुरमा विजयी भएका अध्यक्ष, उपाध्यक्ष सहित सम्पूर्ण सदस्यहरूलाई २७ साउनमा सपथ ग्रहण गराइएको छ । जिल्ला समन्वय समिति मकवानपुरको हलमा भएको सपथ ग्रहण कार्यक्रममा प्रमुख निर्वाचन अधिकृत दयाराम ढकालले जिल्ला समन्वय समितिको अध्यक्षमा निर्वाचित रघुनाथ खुलाललाई सपथ गराएका थिए ।

आफूले सपथ लिएपछि खुलालले उपाध्यक्ष भगवती पुडासैनीसहित ७ जना सदस्यहरूलाई सपथ ग्रहण गराएका थिए । कार्यक्रममा अध्यक्ष खुलाल, उपाध्यक्ष पुडासैनीसहित सदस्यहरू देवराज रिमाल, गणेशकुमारी प्रधान, चित्रबहादुर बलामी, गीता अधिकारी, बुद्धिबहादुर मोक्तान, सानीकान्छी स्याङ्तान र सरिता विकलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

जिल्ला समन्वय समिति मकवानपुरमा उत्तरी मकवानपुरबाटै चित्रबहादुर बलामी एक मात्र सदस्य हुन् । गत साउन २३ गते भएको जिल्ला समन्वय समिति मकवानपुरको निर्वाचनबाट काँग्रेस-माओवादीको प्यानललाई हराउँदै नेकपा एमालेको प्यानल नै विजयी भएको थियो । सपथ ग्रहण समारोहमा बोल्दै नवनिर्वाचित जिल्ला समन्वय समिति मकवानपुरका अध्यक्ष खुलालले जनप्रतिनिधि र कर्मचारीबीच सहकार्य गरेर जिल्लाको विकासमा लाग्ने प्रतिवद्धता व्यक्त गरे । संवैधानिक व्यवस्था र कानूनी व्यवस्थाका आधारमा सबैको सल्लाहअनुसार आफू अघि बढ्ने खुलालको भनाइ थियो ।

मकवानपुर जिल्ला पर्यटनको हिसाबले निकै सम्भावनायुक्त भएको भन्दै जिल्लाको विकासको मूख्य आधार पर्यटनलाई बनाउने उनले बताए । जिल्लामा गरिबी घटाउन विशेष कार्यक्रम ल्याउने पनि उनको प्रतिवद्धता थियो । जिल्लाका भुकम्पपीडित जनतालाई घर निर्माणको प्रक्रिया निकै झन्झटिलो भइरहेको भन्दै उनले त्यसमा पनि आफूहरूले सहजीकरण गर्ने बताए । कार्यक्रममा बोल्दै मकवानपुरका प्रमुख जिल्ला अधिकारी नारायण शर्मा दुवाडीले नवनिर्वाचित जिल्ला समन्वय समितिका पदाधिकारीहरूले जिल्लाको समग्र विकासको लागि स्थानीय तहसँग समन्वयकारी भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे ।

निजामति कर्मचारीसँग हातेमालो गरेर अघि बढ्न पनि जनप्रतिनिधिहरूलाई उनको आग्रह थियो । कार्यक्रममा स्थानीय विकास अधिकारी नारायण मैनाली, हेटौंडा उपमहानगरपालिकाका मेयर हरिबहादुर महत लगायतले मन्तव्य व्यक्त गरेका थिए । सपथग्रहण गरेसँगै जिल्ला समन्वय समितिमा निर्वाचित पदाधिकारीहरूले पदभार समेत ग्रहण गरेका छन् । उनीहरूलाई जिल्ला समन्वय समितिका कर्मचारीले फूलमालासहित कार्यालयमा स्वागत गरेका थिए ।

## चित्लाङमा बढ्दै अमेरिकी सानन बाख्राका सन्तान



◆ विकास समाचारदाता

अमेरिकाबाट प्रतिगोटा दुई लाख तिरेर ल्याइएका सानन जातका बाख्राको सन्तान मकवानपुरको चित्लाङमा बढ्दै गएको छ । चित्लाङको बाख्रा विकास फार्ममा अहिले साननकै बोका र माउबाट जन्मेका १३ वटा बाख्रा रहेका छन् ।

त्यस्तै, साननका बोकाबाट स्थानीय खरी जातका बाख्रामा गर्भाधान भई अहिले फार्ममा दुईसयको हाराहारीमा पाठापाठी र बोकाबाख्रा रहेका छन् । नश्ल सुधार बाट वर्षमा दुईसय वटा बोका उत्पादन हुने फार्मका सूचना अधिकारी पशु सेवा प्राविधिक श्रीप्रसाद यादवले जानकारी दिए । सानन बोकाबाट गर्भाधान भएका स्थानीय खरी जातका बाख्राबाट जन्मिएका बोका र पाठीमा पनि साननको गुण रहेको उनको भनाइ छ ।

कुपोषणबाट ग्रस्त बालबालिका र गर्भवती महिलालाई पोषणयुक्त दूध खुवाउने उद्देश्यले २०७१ साल पुस १८ गते अमेरिकाबाट सानन जातको बाख्रा ल्याइएको थियो । नेपाल भित्र्याइएका ५० मध्ये चित्लाङमा ५ बोका र १० पाठी उपलब्ध गराइएको थियो । यस्तै बन्दीपुरमा २० वटा उपलब्ध गराइएको थियो ।

चित्लाङमा सानन ल्याइएको वर्षदिन नपुग्दै १० पाठीमध्ये ६ र ५ बोकामध्ये ४ मरेपछि झण्डै आस मरि सकेको थियो । "सबै बोका मर्ने भयो भनेर डराइरहेका थियौं, धन्न एउटा 'लुते' बोका बाँच्यो र त्यसबाट अहिले १३ वटा पुगेको छ," प्राविधिक यादवले भने ।

सानन जातका बाख्रा जाडो हावापानीमा बढी फस्टाउँछ । त्यही कारण नेपालमा सो सातको बाख्रा जाडो महिनामा भित्र्याइएको थियो । तर, गर्मी लागेपछि तिनीहरूमा झाडापखाला लागेर मर्न थालेका थिए । फार्ममा विशेष संरक्षण दिएर छुट्टै खोरमा पालिएका

बाँकी पृष्ठ ५ मा

## सम्पादकीय

# बाढी पहिरो नियन्त्रणमा ध्यान देऊ

वर्षायाम शुरु भएको लामो समयपछि दुई दिनयता देशभर भीषाण वर्षात शुरु भएको छ । यसअघि छिटपुट वर्षात भए पनि शुक्रवार रातिदेखि भीषाण वर्षात शुरु भएको छ। भीषाण वर्षातपछि आएको बाढीपहिरोमा परी एकै दिन देशका विभिन्न स्थानमा झण्डै तीसजनाले ज्यान गुमाएका छन् भने भौतिक संरचनासहित ठूलो क्षति पुगेको छ। मकवानपुरलगायतका विभिन्न क्षेत्रमा ठूलो क्षति भएको छ। यसपटक मकवानपुरमा बाढीका कारण जिल्लाको आवागमन नै अवद्ध भयो । जिल्लाको उत्तरी क्षेत्रबाट सदरमुकाम र स्थानीय तहको मुख्य बजार क्षेत्रबाट ग्रामिण क्षेत्रमा जाने सडकहरु अवरुद्ध नै भए । विभिन्न खोलामा नहुँदा आवागमन अवद्ध हुन पुगेको छ। यो घटनाबाट गम्भीर पाठ सिकेर पुल निर्माणलाई चाँडोभन्दा चाँडो सम्पन्न गर्नेतर लाग्नु त छँदैछ, बल्ल वर्षात शुरु भएकाले थप क्षति हुन नदिन आम नागरिक सजग बन्न जरी छ।

भू–बनोटका हिसाबले नेपाल उष्ण मौसमी क्षेत्रमा पर्दछ। यसको विशेषता भनेकै चाँडो–चाँडो मौसम परिवर्तन हुनु हो। त्यसमा पनि मुख्य तीनखाले मौसमका कारण नेपालीहले सास्ती भोग्दै आएका छन्। वर्षात, हिउँद र गृष्मकालीन मौसमले नेपालीलाई साह्रै सास्ती दिने गरेको छ। वर्षातमा तराईमा बाढी र डुबान तथा पहाडमा पहिरोको खतरा रहन्छ। हिउँदमा तराईका जिल्लामा शीतलहरले निकै सताउँछ भने गर्मीयाममा पनि विभिन्नखाले रोगका प्रकोप, खडेरी आदिले विशेषत: तराई क्षेत्रलाई नै सताउने गरेको छ। मौसम फेरबदलसँगै आउने प्रकोप रोकेर रोक्न सकिदैन तर प्रकोपबाट हुने क्षति भने रोक्न सकिन्छ। यस्ताखाले क्षति रोक्न आम सचेतना पहिलो सवाल हो। हरेक नागरिकले आफ्नो सुरक्षामा ध्यान दिने हो, सोहीअनुसार बासस्थान छनोट गर्ने हो र सम्भावित खतराको बेलामा थप सजगकता अपनाउने हो भने क्षति न्यून गर्न सकिन्छ । सबैले चाहेर पनि राम्रो ठाउँमा बस्ने अवस्था छैन। उनीहलाई दीर्घकालीनपमा पुनर्बासको व्यवस्था राज्यले गर्नुपर्छ, तत्कालका लागि सुरक्षित स्थानमा सारेर उनीहको जीवन सुरक्षा गर्नु आवश्यक छ।

हरेक वर्ष बाढी पहिरोले क्षति पुऱ्याएपछि मात्र उद्धार, राहत र पुनर्स्थापनाको चर्चा शुरु हुन्छ। वर्षात सकिन्छ र यो समस्या पनि ओझेलमा पर्छ। जहिल्यै बाढी पहिरोले क्षति पुऱ्याएपछि एउटा मन्त्री आउँछन् र प्रतिबद्धता जनाउँछ, त्यो सेलाउन नपाउँदै सरकार परिवर्तन हुन्छ। राजनीतिक अस्थिरताले पनि यस्ता समस्या लामो समयसम्म बल्झाउने काम गरेको देखिन्छ। त्यो भन्दा पनि मुख्य सवाल, यस्तो समस्या समाधानका लागि स्थायी संरचना आवश्यक छ । नेपाल मौसमी देश भएकाले कुनै न कुनै प्राकृतिक प्रकोप आउँछ नै। त्यसैले यस्ता समस्या समाधानका लागि छुट्टै मन्त्रालय गठन गरेर काम गर्नु जरी छ, जसले छुट्टै तालिमप्राप्त जनशक्ति सधैं खट्ने गरी तयारी हालतमा राख्न सकोस्। अहिले गृहमन्त्रालयले यसको नेतृत्व गरिरहेको छ। यसमा छुट्टै विभागसमेत छैन। मुलुक अब संघीय संरचनामा जाँदै गरेको अवस्थामा प्राकृतिक प्रकोप व्यवस्थापन गर्न स्थायी संरचना आवश्यक देखिन्छ। यो बाहेक मकवानपुरको सन्दर्भमा पुल निर्माणको कामलाई चाँडोभन्दा चाँडो सम्पन्न गर्नुपर्छ। योभन्दा अघि नै सम्पन्न गरिसक्नुपर्ने पुल सम्झौता अनुसार समयमै निर्माण नहुँदा अहिले जिल्लाको आवागमन नै ठप्प हुन पुगेको छ। यो घटनाबाट पाठ सिक्दै जिल्ला स्थित सरकारी निकाय र आम जिल्लाबासीले यो मुद्दालाई अझ जोडदार रुपमा उठाउनुपर्ने देखिएको छ।


yfxf gu/kflnsfsf]lzv/sf6 sfp06/af6 lbjf a; ;]jf

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


dxTjk"0f{6]lnkmf]g gDa/x?

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# के हो निर्वाचित उमेदवारको धर्म ?

**देशको पुरानो केन्द्रीकृत संरचना त भत्कियो तर दलहरूले केन्द्रीकृत राजनीति गर्ने शैली र मानसिक संरचना भत्किएन । संविधानले स्थापित गरेको संरचनालाई यस चुनावमा दलहरूले स्वीकार गर्न सकेनन् । केन्द्रीकृत राज्य व्यवस्था अन्त्य गरेको ठान्ने दलहरूले आफ्नो मानसिक संरचना तदनुकूल बनाउन सकेनन् । यहाँनेर दलहरूको राजनीति गर्ने ढाँचा गतिशील देखिएन ।**



zj{fh cfrfo{

नेपालमा राणा, शाह र बहुदलीय शासन व्यवस्थामा शासकले नेपाली जनतामाथि शासन गरेको देखिन्छ । जनतामाथि भ्रम छर्दै शासन गर्नु तिनको राजनीतिक चरित्र रहेको छ । आजसम्म भ्रम छरेर शासन गरिएको हुँदा नेपालको सहज विकास हुनसकेन । बरू राणातन्त्र र शाहतन्त्रमा जनतालाई नियन्त्रणभित्र राखेर भ्रम छरिन्थ्यो ।

अप्रजातान्त्रिक शासनमा त्यसरी भ्रम छर्नुलाई स्वाभाविकै मान्न सकिएला । तर, वि.सं. २०४७ मा बहुदलीय शासन प्रारम्भ भएपछि पनि प्रजातान्त्रिक शासन व्यवस्थाका नेताले भ्रम छर्नु उचित मान्न सकिन्न । तिनले भ्रम नछरेको भए वि.सं. २०५२ देखि १० वर्षसम्म नेपाल 'जनयुद्ध'ले देश जर्जर हुने थिएन । विद्रोहमा लाग्नेले पनि जातीयता, धार्मिकता, संस्कृति र क्षेत्रीयतालाई उचालेर जनतामाथि भ्रम छरी देशलाई जर्जर बनाए । यो एक्काइसौँ शताब्दीको जर्जर देशमा जम्बो संविधान सभाले संविधान बनाउँदा करिब ३० अर्ब रूपियाँ खर्चियो । यो महँगो संविधान कार्यान्वयनका निम्ति भ्रममाथि भ्रम छर्दै स्थानीय निर्वाचन भयो, दलले सर्वसाधारणलाई भ्रमको भुँवरीमा घुमाए ।

दलहरूले वर्तमान स्थानीय चुनावमा घोषणा पत्र, उम्मेदवार छनोट, प्रचार प्रसार र चुनाव चिन्हबाट भ्रम छरेका छन् । कस्तो भ्रम भने मानौँ यो स्थानीय चुनाव भनेको संसद्कै चुनाव हो । यी चार वटा कुराले वडा वडा, गाउँ गाउँ र नगर नगरसम्म जनताका निम्ति यो स्थानीय चुनाव संङ्घीय संसद्कै चुनाव जस्तो बन्यो । संङ्घीय संसद् र गाउँपालिका तथा नगरपालिकाका उद्देश्य र कार्य फरक छन्, संविधानले नै यो भिन्नता स्पष्ट पारेको छ । दलहरूले चुनावमा जनतालाई यो भिन्नता दिन सकेनन् । दलहरूले स्थानीय चुनाव स्थानीय विकास निर्माणको निम्ति हो भनेर प्रचार गरे पनि घोषणा पत्र लेखन, उम्मेदवार छनोट, प्रचार प्रसार र चुनाव चिन्ह र चुनावको ढाँचाले सङ्घीय संसद् र स्थानीय चुनावलाई भिन्न बनाउन सकेन ।

स्थानीय तह र सङ्घीय संसद्को चुनाव फरक देखाउन सक्नु पर्थ्यो । नदेखाएका कारण बुद्धिजीवी, दलदेखि सञ्चार र लेखकहरूले स्थानीय चुनावलाई चर्को राजनीतिकरण गरे । प्रसारप्रसारमा स्थानीय विकास निर्माणको भन्दा दलीय प्रचार भयो । हरेक राजनीतिक दलका राष्ट्रिय घोषणा पत्र र उम्मेदवारले स्थानीय विकास निर्माणका मुद्दा कम उठाए । जनतालाई घोषणा पत्रले उठाएका मुद्दाभन्दा विकास निर्माणसँग बढी चासो थियो । दलले राजनीतिका विषय देखाई जनतासँग मत मागे ।

दलहरु भोटबैँक निर्माणतिर लागे । राजनीतिक दल र जनताको मनोविज्ञान भिन्न भिन्न देखियो । दल, पत्रकार र बुद्धिजीवीहरूले पनि राजनीतिक दलका मनोविज्ञानबाट चुनाव परिणामको विश्लेषण गरे । स्थानीय विकास चाहने जनताको मनोविज्ञानले स्थानीय चुनाव परिणामको विश्लेषण हुन सकेन ।

दलहरूले सङ्घ, प्रदेश र स्थानीय गरी देशलाई ३ तहको संरचना लैजाने संविधान बनाए । यिनीहरूको कार्यक्षेत्र पनि अलग अलग उल्लेख गरे । पुरानो एकीकृत संरचना भत्काए । तर, राजनीतिक दलहरूको संघ, प्रदेश र स्थानीय तहको चुनाव गर्ने ढाँचा (घोषणा पत्र, उम्मेदबार छनोट, प्रचार प्रसार र चुनाव चिन्ह) केन्द्रीकृत देखियो ।

देशको पुरानो केन्द्रीकृत संरचना त भत्कियो तर दलहरूले केन्द्रीकृत राजनीति गर्ने शैली र मानसिक संरचना भत्किएन । संविधानले स्थापित गरेको संरचनालाई यस चुनावमा दलहरूले स्वीकार गर्न सकेनन् । केन्द्रीकृत राज्य व्यवस्था अन्त्य गरेको ठान्ने दलहरूले आफ्नो मानसिक संरचना तदनुकूल बनाउन सकेनन् । यहाँनेर दलहरूको राजनीति गर्ने ढाँचा गतिशील देखिएन ।

गतिशील नबनी दलहरूले स्थानीय चुनावमा राजनीतिक मत मागे तर जनताले राजनीतिको होइन, स्थानीय चुनाव विकासको निम्ति भन्ने बुझेका थिए । तसर्थ जनताको राजनीतिक मतमात्र परेन, स्थानीय विकासको मत पनि पर्यो । राजनीतिक मत मागेका कारण कतिपय स्थानीय जनता अन्योलमा परे । दलहरूले स्थानीय सरकारलाई दलीयतासँग जोडे । किनभने स्थानीय चुनावलाई स्थानीय तहका कार्यकर्ताका निम्ति स्वतन्त्र छोड्नु पर्थ्यो तर छोडेनन् । उनीहरूले देखाएको कोरा दलीय सम्बन्धले थप भ्रम सिर्जना गर्यो ।

दलहरूले राज्य दोहन गर्न देखाएको राजनीतिक विकृति गाउँ र नगर नगर सम्म पुग्छ भन्नेमा वास्ता गरेको देखिएन । राणाकालमा राणाका आफन्त र आसेपासे, शाहकालमा शाहका आफन्त र तिनका आसेपासे र बहुदलीय शासन कालमा दलका नेताका आफन्त र आसेपासेले राज्यको दोहन गरे । अब दलीय निर्वाचनबाट बनेको दलको एकलौटी स्थानीय सरकारले पनि विकास निर्माणमा यस्तै भागबन्डा र स्थानीय दोहनको विकृति भित्र्याउने आशंका गरिँदो छ ।

अहिले दलहरूले कतै एकलौटी र कतै संयुक्त रूपमा स्थानीय तहमा विजय गरेका छन् । एकलौटी विजय भएको ठाउँमा एउटै दल र संयुक्त विजय भएको ठाउँमा पुरानो स्थानीय संयन्त्र जस्तै दलहरूले स्थानीय तहको दोहनलाई निरन्तरता दिन्छन् भन्ने आशंका छ । किनभने राणाकालदेखि नै बहुदल कालसम्म नै राज्य दोहन गर्ने प्रवृत्तिको परिणामले विश्व परिप्रेक्षमा नेपाललाई अविकसित आवस्थामा पुर्याएको छ । आज राज्य दोहनका कारण देश विकास भएन, देशमा रोजगारी सिर्जना भएन अनि नेपाली युवा रोजगारी र सजिलो जीवन खोज्दै बिदेसिए । आज प्रतिवर्ष नेपाली श्रम बजारमा प्रवेश गर्ने करिब ५ लाख नेपाली जनशक्ति नेपालमा बस्दैनन् ।

**राज्य दोहन गर्न सफल दलहरूले विजय गरेको दललाई जनताले बढी मन पराएको दल भन्ने भ्रम छरेका छन् । किन्तु, मतदाताहरूले विकास निर्माण गर्ने व्यक्ति हेरेर मतदान गरेका छन् । यस चुनावमा दलको प्रभावभन्दा उम्मेदवार हुने व्यक्तिको प्रभाव बढी छ । अहिले व्यक्ति प्रभावबाट आएको मतलाई पन्छाएर दलीय आधारमा प्राप्त मतको विश्लेषण भएको छ । दलहरु के ठान्छन् भने स्थानीय निकायमा कब्जा गर्न सकिन्छ ।**

जनताले स्थानीय निर्वाचनमा नेकपा (एमाले)लाई पहिलो, नेपाली कांग्रेसलाई दोस्रो र नेकपा (एमाओवादी)लाई तेस्रो स्थानमा राखेर जिताए भनी सर्वत्र विश्लेषण गरिँदो छ । यस विश्लेषणले स्थानीय सरकार र सङ्घीय सरकारको निर्वाचनबीच भिन्नता देखाउँदैन । वस्तुतः भिन्नता छ । भिन्नताले गर्दा अहिले केन्द्रस्थित मन्त्रालय र स्थानीय तहका निर्णयबीच विवाद देखिएका छन् । केन्द्रीय नीतिगत भ्रष्टाचार गर्न, छोटो समयका लागि भागबन्डामा सरकार बनाउन, आर्थिक वर्षको अन्तिम २।४ दिनमा अर्बौंको बजेट सक्न र विकास निर्माणका कामलाई निस्तेज पार्न सक्षम छ । दलहरूको केन्द्रीकृत चुनावी गतिविधिले यो क्षमता पनि तल्लो निकायमा पुग्ने र अप्रत्यक्ष दलीय नियन्त्रण हुने देखाउँछ ।

राज्य दोहन गर्न सफल दलहरूले विजय गरेको दललाई जनताले बढी मन पराएको दल भन्ने भ्रम छरेका छन् । किन्तु, मतदाताहरूले विकास निर्माण गर्ने व्यक्ति हेरेर मतदान गरेका छन् । यस चुनावमा दलको प्रभावभन्दा उम्मेदवार हुने व्यक्तिको प्रभाव बढी छ । अहिले व्यक्ति प्रभावबाट आएको मतलाई पन्छाएर दलीय आधारमा प्राप्त मतको विश्लेषण भएको छ । दलहरु के ठान्छन् भने स्थानीय निकायमा कब्जा गर्न सकिन्छ ।

यो पनि एउटा भ्रम हो । एक किसिमले स्थानीय सरकारहरु स्वायत्त छन् । यिनीहरु सङ्घीय र प्रान्तीय संसद्भन्दा पनि बलिया छन् । कार्य र अधिकारको दृष्टिले यिनीहरु दलको भन्दा जनताका नजिक छन् । यिनीहरु केन्द्रमा देखिएको दलीय विकृतिबाट जोगिन सक्छन् । जोगिन खोज्दा स्थानीय सरकारका व्यक्ति दलीय नियन्त्रणबाट बाहिर जान सक्ने स्थिति छ । दलीय भ्रम तोडुँ र आफ्नो ठाउँ आफैँ बनाउँ भन्नेतिर लाग्ने हो भने स्थानीय निकायका निर्वाचित सदस्यहरूले नेपालको वर्तमान दलीय भ्रम र विकृतिबाट माथि उठ्नै पर्छ ।

12khari.com af6

# मकवानपुरमा छ वटा सरकारी भवन निर्माणाधिन

◆ विकास समाचारदाता

चालु आर्थिक वर्षमा ६ वटा सरकारी भवन निर्माण हुँदैछ । नयाँ बन्ने सरकारी भवनहरूमा हेटौंडा अस्पतालको डाक्टरको क्वाटरदेखि थाहा नगरमा पर्यटन सुचना केन्द्रसम्म रहको भवन प्रविधि अनुसन्धान तथा तालिम केन्द्र मकवानपुरले जानकारी दिएको छ ।

नयाँ भवनहरूमा हेटौंडा अस्पतालका डाक्टर हरूको लागि आवास गृह बन्ने भएको छ । हेटौंडा अस्पतालका डाक्टरहरूको लागि ८ युनिट आवास २ करोड १४ लाख ८८ हजार रूपैयाँ लागतमा बन्न लागेको हो । मृत सञ्जिवनी/विन्ध्याञ्चल निर्माण कम्पनी ललितपुरले संयुक्त निर्माणको ठेक्का लिएको उक्त क्वाटरको भवन सम्झौता मितिले १८ महिना भित्रमा बनिसक्नुपर्नेछ । उक्त क्वाटरको भवन निर्माण सम्झौता गत असार १६ गते भएको हो । त्यस्तै हेटौंडा अस्पतालमै नर्सिङ क्वाटर भवन निर्माण हुने भएको छ । गत असार २ गते बानियाँ निर्माण सेवा र इतिहास जेभीले संयुक्त रूपमा निर्माणको ठेक्का पाएको उक्त भवन ३ करोड १७ लाख ७७ हजार रूपैयाँ लागतमा निर्माण सम्झौता भएको हो । उक्त भवन १८ महिनामा ठेकेदार कम्पनिले बनाइसक्नु पर्नेछ । छतिवनस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा पनि डाक्टरहरूको क्वाटरका लागि नयाँ भवन निर्माण हुने भएको छ । १ करोड ५ लाख १३ हजार रूपैयाँ लागतमा बन्ने उक्त भवन १२ महिना भित्र बनाउने गरी अमृता कन्स्ट्रक्शनले २०७४ साल जेठ २ गते ठेक्का सम्झौता गरेको भवन प्रविधि अनुसन्धान तथा तालिम केन्द्र मकवानपुरले जानकारी दिएको छ ।

छतिवन मै १ करोड १ लाख रूपैयाँ लागतमा स्टाफ क्वाटरको लागि भवन बन्ने भएको छ । उक्त क्वाटर निर्माणको लागि गत असार १ गते माँ भवानी कन्स्ट्रक्शनले १२ महिनामा निर्माण सम्पन्न गर्ने गरी सम्झौता गरिसकेको छ । थाहा नगरमा पर्यटन सुचना केन्द्र बन्ने भएको छ । पर्यटन सुचना केन्द्रको भवन निर्माणको लागि अमिरा कन्स्ट्रक्शनले ९८ लाख १७ हजार रूपैयाँ लागतमा ठेक्का सम्झौता गरेको थियो । तर काम भने सम्पन्न हुने क्रममा रहेको भवन प्रविधि अनुसन्धान तथा तालिम केन्द्र मकवानपुरले जानकारी दिएको छ । त्यस्तै थाहा नगरपालिकामा पिकनिक स्पटमा पुर्वाधार तथा शौचालयको भवन निर्माण सम्पन्न हुने अवस्थामा रहेको छ । १३ लाख ३२ हजार रूपैयाँ लागतमा विश्वास निर्माण सेवाले असार २५ गते सम्ममा सक्नु पर्ने भए तापनि विविध कारणले केहि ढिला भएको कार्यालय जानकारी दिएको छ ।

चालु आर्थिक वर्षमा केही भवनहरू भने सम्पन्न हुने अवस्थामा रहेको छ । हटिया स्वास्थ्य चौकी पटक पटक म्याद थप्दै निर्माणको अन्तिम चरण र हेको छ । बानियाँ निर्माण सेवाले २०७१ असार २९ गते हटिया स्वास्थ्य चौकी भवन निर्माण सम्बन्धी सम्झौता गरेको थियो । २०७२ माघ २८ गते सम्पन्न गर्ने गरी १ करोड ६१ लाख ६९ हजार रूपैयाँ लागतमा निर्माण सम्झौता गरेको ठेकेदार कम्पनिले करिब २ वर्ष ढिलो गरी चालु आर्थिक वर्षमा मात्रै निर्माण सम्पन्न गर्ने भएको छ । जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरको भवन पनि बानियाँ निर्माण सेवाले २०७१ असार २९ गते निर्माण सम्झौता गरेको थियो । २०७२ माघ २८ गते सम्पन्न गर्ने सम्झौता गरे तापनि २ वर्षपिछ मात्रै काम सम्पन्न हुने स्थिति छ । १ करोड ९४ लाख ७० हजार रूपैयाँमा निर्माण ठेक्का सम्झौता भएको हो ।

मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयको भवन पनि चालु आर्थिक वर्षको भदौ ५ गते निर्माण सम्पन्न गर्ने सम्झौता भएको थियो । तर, सम्झौतामा उल्लेख भएको मितिमा निर्माण कार्य पूरा हुने स्थिति छैन । भवन जयबाबा निर्माण सेवा, विध्याञ्चल निर्माण सेवा र मेरिना निर्माण सेवाले संयुक्त रूपमा २०७२ फागुन १२ गते ३ करोड १ लाख निर्माण ठेक्का लिएको थियो । त्यस्तै फापरबारी स्वास्थ्य चौकीको भवन पनि आउने भदौ ३ गते निर्माण सम्पन्न हुनु पर्ने छ । उक्त स्वास्थ्य चौकीको भवन निर्माणको लागि बानियाँ निर्माण सेवाले २०७२ फागुन ३ गते १ करोड ७४ लाख ३४ हजारमा निर्माण सम्झौता गरेको थियो ।

# एक वर्षमा खाद्यसम्बन्धी ४० वटा मुद्दा दर्ता

◆ विकास समाचारदाता

क्षेत्रीय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौंडाले बितेको आर्थिक वर्षमा खाद्यसम्बन्धी ४० वटा मुद्दा दर्ता गरेको छ । सम्बन्धित जिल्लाका जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका मुद्दामध्ये १३ वटाको मात्र फैसला भएको छ । बाँकी २७ वटा मुद्दा विचारधीन अवस्थामा रहेको क्षेत्रीय खाद्य प्रविधि गुण नियन्त्रण कार्यालय हेटौंडाका खाद्य अनुसन्धान अधिकृत हलुवाई राज कर्णिकारले जानकारी दिए ।

कार्यालयले हेटौंडामा सरोकारवालाको सहभागितामा गरेको वार्षिक समीक्षा गोष्ठीमा प्रस्तुत प्रगति प्रतिवेदन अनुसार अघिल्लो आर्थिक वर्ष २०७२/७३ को तुलनामा ०७४ मा खाद्य मुद्दाको संख्या घटेको छ । २०७२/७३ मा एक सय एक वटा खाद्यसम्बन्धी मुद्दा दर्ता भएकोमा पछिल्लो वर्ष ४० वटामा झरेको हो । बितेको वर्ष सबैभन्दा बढी तेल तथा घ्यूजन्य पदार्थको मुद्दा दर्ता गरिएको थियो ।

तेल तथा घ्यूजन्य पदार्थको १७ वटा मुद्दा दर्ता गरिएकोमा हल्का पेय पदाथ  सम्बन्धी ५ वटा र खाना, होटल, चिप्स, रङसम्बन्धी ५ वटा मुद्दा दर्ता गराइएको थियो । दध तथा दूधजन्य पदार्थको तीन वटा र खाद्यान्न दलहन र सोबाट बनेका परिकार विरुद्ध तीन मुद्दा हालिएको थियो । नौ वटा जिल्ला हेर्ने क्षेत्रीय खाद्यले बितेको वर्ष सबैभन्दा बढी मुद्दा बारा जिल्लाबाट गराएको थियो । बारा जिल्लाबाट मात्र १७ वटा मुद्दा दर्ता गराइएको खाद्य अनुसन्धान अधिकृत राजकर्णिकारले जानकारी दिए । त्यस्तै चितवनबाट १२ वटा मुद्दा दर्ता गराइएकोमा पर्सा जिल्लाबाट ६ वटा मुद्दा हालिएको छ । रौतहटबाट तीन वटा र मकवानपुरमा एउटा मात्रै मुद्दा दर्ता भएका थिए । कार्यालयले दर्ता गराएको अधिकांश मुद्दा खाद्य पदार्थ न्युन गुणस्तरविरुद्धको रहेको छ । बितेको वर्ष ४० वटा मुद्दा दर्ता गराइएकोमा २८ वटा मुद्दा न्युन गुणस्तरविरुद्ध रहेको छ ।

त्यस्तै आठ वटा मुद्दा खाद्य पदार्थमा लेवल नराखिएकोविरुद्ध दर्ता गरिएको थियो । खाद्य ऐनअनुरुप कार्यालयले ९ वटा जिल्लाको छ सय ११ वटा नमूना संकलन गरेको थियो । जसमा ६५ वटा खाद्य पदार्थमा खाद्य प्रतिकुलता भेटिएको कार्यालयले जनाएको छ । त्यस्तै कार्यालयले बितेको आर्थिक वर्षमा एक सय ३४ वटा अनुज्ञापत्र जारी गरेको छ भने दुई सय ६४ वटा अनुज्ञापत्र नवीकरण गरेको छ । त्यस्तै एक सय ५० वटा उद्योग सिफारिस गरिएको कार्यालयका प्रमुख राजकुमार रिजालले जानकारी दिए । कार्यालयले अनुज्ञापत्र वितरण, तथा नवीकरणबापत लिने राजश्व संकलनमा पनि प्रगती गरेको छ ।

बितेको आर्थिक वर्षमा कार्यालयले १८ लाख ६६ हजार रूपियाँ राजश्व संकलन गरेको कार्यालय प्रमुख रिजालले जानकारी दिए । आर्थिक वर्ष २०७२/७३ मा कार्यालयले करिब १३ लाख राजश्व संकलन गरेकोमा यस वर्ष झण्डै साढे ५ लाख रूपियाँ बढी प्रगति गरेको हो । कार्यालय प्रमुख रि जालको अध्यक्षतामा भएको वार्षिक गोष्ठीमा उपभोक्त हित संरक्षण मञ्चका केन्द्रीय सदस्य अजय अधिकारी, पत्रकार प्रताप विष्टलगायतले सुझावसहितको मन्तव्य व्यक्त गरेका थिए ।

# टनेलमा खेती : विदेशमा भन्दा तेब्बर आम्दानी



प्लाष्टिक टनेलमा फलेको गोलभेडा बजार लैजार्दै कृषक ससिन कर्माचार्य । **फोटोः विकास खबरपत्रिका**

◆ विकास समाचारदाता

मकवानपुर थाहा नगरपालिका-६ बज्रबाराहीका ससिन कर्माचार्यले ११ वटा प्लास्टिकका टनेलभित्र गोलभेडा र भेडे खुर्सानी उत्पादन गरिरहेका छन् । उनले ७ वटा प्लास्टिकको टनेलमा गोलभेडा खेती र बाँकीमा भेडे खुर्सानी रोपेका छन् । सम्झना र सरिता जातका गोलभेडा उनले लगाएका हुन् । गत वर्ष उनले २ वटा प्लास्टिकको टनेल बनाएर गोलभेडा खेती गरेका थिए ।

गोलभेडाबाट राम्रै आम्दानी भएपछि यो वर्ष कर्माचार्यले लगानी वृद्धि गरेर ७ वटा प्लास्टिकको टनेल बनाएर गोलभेडा खेती गरेका हुन् । 'गोलभेडाको उत्पादन र बिक्री भाउ राम्रो छ,' २७ वर्षीय कर्माचार्यले भने, 'अहिलेकै भाउ रहिरह्यो भने गोलभेडा बिक्री गरेरमात्र ७ लाख रूपैयाँभन्दा बढी आम्दानी हुन्छ ।' उनको टनेलमा २ हजार गोलभेडाका बोट छन् ।

विषादीरहित किसिमले गोलभेडा उत्पादन गरेकाले व्यापारीहरु पनि उनले उत्पादन गरेको गोलभेडा खरिद गरेर लैजाने गरेका छन् । टनेलमा उनले थोपा सिँचाइको व्यवस्था गरेका छन् । साथीभाइको हुटहुटीमा पैसा कमाउने लोभमा उनी पनि मलेसिया पुगेका थिए । मलेसियामा २३ महिना बसेपछि उनी घर फर्केका हुन् ।

विदेशमा खटिएको जति समय आफनै गाउँमा खटियो भने राम्रै कमाइ गर्न सकिने विचार बोकेर उनी नेपाल फर्केका थिए । विदेशमा २४ सै घण्टा तरररर पसिना चुहाएर काम गर्दा पनि मासिक २५ हजार रूपैयाँ जोगाउन मुस्किल परेको कर्माचार्यले अहिले परिवारसँग बसेर गोलभेडा खेतीबाट मात्र महिनाको ६० हजार रूपैयाँभन्दा बढी आम्दानी गर्न सफल भएका छन् । कर्माचार्य अहिले गाउँका युवाहरूका निम्ति प्रेरणाको स्रोत बनेका छन् । गाउँका युवाहरूलाई रोजगारीका निम्ति विदेशमा दुःख पाउनुभन्दा गाउँमै बसेर नयाँ किसिमले तरकारी खेती गर्न उनले सल्लाह दिने गरेका छन् ।

उनीमात्र होइन थाहा नगरपालिका ५ तसरका २८ वर्षीय योगबहादुर लामाले पनि तरकारी खेती गरेर राम्रै आम्दानी गरेका छन् ।

> *मलेसियामा २३ महिना बसेपछि घर फर्केका उनी भन्छन्–'विदेशमा २४ सै घण्टा तर्र्र पसिना चुहाएर काम गर्दा पनि मासिक २५ हजार रुपैयाँ जोगाउन मुस्किल हुन्थ्यो अहिले परिवारसँग बसेर महिनाको ६० हजार भन्दा बढि आम्दानी गर्छु ।'*

तीनवर्ष अघि कतार जान ठीक्क परेका लामालाई गाउँकी अगुवा चमेली वाइबाले विदेश नजान सल्लाह दिनुका साथै स्थानीय समूहबाट ५० हजार रूपैयाँ ऋण निकालेर तरकारी खेती गर्न लगाएकी थिइन् । एकै वर्षमा उनले समूहको ऋण तिरेर एक लाख जोगाए । तरकारी खेतीबाट राम्रो आम्दानी भएपछि लोभिएर गत वर्ष उनले छिमेकीको जग्गा भाडामा लिएर तरकारी खेती गरेका छन् ।



मकवानपुरका विशेषगरी उत्तरी क्षेत्रका युवाहरु व्यावसायिक ढंगले तरकारी खेती गर्नतर्फ आकर्षित भएको कृषि विकास कार्यालय मकवानपुरका प्रमुख निर्मल गदालले बताए । तरकारी खेतीबाट मनग्ये आम्दानी गर्न सफल भएकाले रोजगारीका लागि विदेश जान राहदानी बनाएकाहरु पनि विदेश जाने मोह त्यागेको कृषि सेवा केन्द्र दामनका कृषि प्राविधिक मधुसुदन आचार्यले बताए ।

समाचारदाता

# खेतबारीमा तरकारी बाली, धानरोपाईं हेर्न 'हिले जात्रा'



◆ विकास समाचारदाता

पहिले धानबाली हुने खेतमा अहिले काउली,बन्दा, खुर्सानी र मकै छन् । धान खेती नै नहुने भएपछि नयाँ पुस्तालाई रोपाईंबारे धेरै कुरा थाहा छैन । विहीबार थाहा नगरपालिका-३ स्थित न्यूभिजन पब्लिक एकेडेमीका विद्यार्थीहरू रोपाईंमा के हुन्छ र कसले केकसरी गर्छन् भन्ने कुरा हेर्दै थिए ।

उत्तरी मकवानपुरको पालुङ क्षेत्रमा धानबालीको ठाउँमा नगदे तरकारी बाली लगाउन थालेपछि नयाँ पुस्तामा रोपाईं परम्पराबारे ज्ञान हराउन थालेको छ । यथार्थमा रोपाईं हराउँदै गए पनि सदियौंदेखि मनाइँदै आएको हिले जात्रामा रोपाईंलाई नाटकीय रूपमा अभिनयमार्फत् देखाउने चलन भने जिवितै छ । न्यूभिजन पब्लिक एकेडेमीका प्रिन्सिपल सुदर्शन कार्कीले आफ्ना विद्यार्थीहरूले हिले जात्राको अवसरमा रोपाईं कसरी हुन्छ भन्ने जानकारी पाएको बताए ।

हरेक बर्ष जस्तै यस वर्ष पनि विहीबार नेपालमै मकवानपुरमा मात्र गाई जात्राको पर्सीपल्ट बनाइने हिलेजात्रा मनाइएको छ । कहिलेदेखि मनाउने थालियो भन्ने एकीन नभए पनि थाहा नगरमा मनाइने हिलेजात्राको प्रसंग स्थानीय नेवार जातीको खेतीकर्म र पौराणिक कालको देव(दैत्यबीचको द्वन्द्वसँग जोडिएको स्थानीय शम्भुभक्त नापित बताउँछन् । धेरै पहिलेदेखि धान खेती गर्दै आएको थाहा नगरको टिष्टुङ पालुङ क्षेत्रमा धान रोपेर सकेपछि फुर्सदमा रहेका नेवार समुदायले रोपाइको अभिनय गरेर मनोरन्जन गर्ने गरेको नापितले बताए ।

त्यस्तै अर्को किंबदन्ती अनुसार पौराणिक कालमा देवता र दानवबीच युद्ध



हुँदा देवताको विजय भएको खुशीयालीमा हिले जात्राको शुरूवात गरिएको हो । खासगरी महादेव र देवासुरबीच महासंग्राम भएको र अन्त्यमा देवासुरले भाद्र कृष्ण द्वितीयका दिन घुँडा टेकेकोले सोही दिनलाई आधार मानी जात्रा मनाउन शुरू गरिएको बुढापाकाहरू बताउँछन् । जात्राको अवसरमा नेवार समुदायले देवता दैत्य युद्धलाई अभिनयको माध्यमबाट देखाउने गर्दछन् ।

थाहा-२ को देउला वस्ती, थाहा-३ को गोपाली बस्ती लगायत नेवार बस्तीहरूबाट निकालिएको हिलेजात्रा थाहा-३ को घट्टेचौरमा पुगेर नाच तथा अभिनय देखाइएको थियो । परम्परागत रूपमा नेवार समुदायकै व्यक्तिहरूले अभिनय गर्ने गर्दछन् ।

हिले जात्राका दिन नेवार समुदायले लाखे नाच पनि देखाउने चलन रहँदै आएको छ ।

# मकवानपुरमा बन्यो ९ वटा झोलुङ्गे पुल

◆ विकास समाचारदाता

मकवानपुरमा थप ९ वटा झोलुङ्गे पुल निर्माण भएपछि बर्षात्को समयमा कष्टकर यात्रा गर्ने गरेका स्थानीय हर्षित भएका छन् । झोलुङ्गे पुल सञ्चालनमा आएपछि मकवानपुरका वेतेघारी, गोपीराङ, पाखे, च्याखेटार, खैराङ, गोपीर ाङ, गर्दोवा, आमभन्ज्याङ, निवुवाटार, कुलेखानी, घट्टेखोला र भार्ता लगायत स्थानका स्थानीयको यात्रा सहज भएको हो ।

झोलुङ्गे पुल बनेपछि पुलको अभावमा खोलाले बगाउने तथा तुईनबाट कष्ठकर यात्रा गर्नुपर्ने बाध्यता समेत हटेको छ । झोलुङ्गे पुल सञ्चालन भएपछि गढी गाउँपालिका र भिमफेदी गाउँपालिकास्थित खोलाका २ वटा तुईन विस्थापित भएका छन् । करिब ६ करोडको लागतमा निर्माण भएका ९ वटा झोलुङ्गेपुलबाट करिब २ हजार १ सय ३० घरधुरी लाभान्वित भएका छन् । तीमध्ये स्वीस सरकारको सहयोगमा ७ वटा र केन्द्रीय बजेटबाट २ वटा गरी ९ वटा झोलुङ्गेपुल निर्माण भएको जिल्ला प्राविधिक कार्यालयका प्रमुख इन्जिनियर सोमनाथ तिम्लसेना बताए । मकवानपुरका अन्य स्थानमा समेत झोलुङ्गे पुल निर्माण गरी तुइनहरू विस्थापित गर्ने लक्ष्य भएको उनले बताए ।

जिल्लाका कुल १० वटा तुईनमध्ये अझैं ८ वटा विस्थापित गर्नुपर्ने जिल्ला समन्वय समिति मकवानपुरका स्थानीय विकास अधिकारी नारायणप्रसाद मैनालीले बताए । मकवानपुरमा अहिलेसम्म ६८ वटा झोलुङ्गेपुल रहेका छन् ।

# भीमफेदीको भीमसेन जात्रालाई आर्थिक अभाव

## बजेट छ : अध्यक्ष लामा

◆ विकास समाचारदाता

मकवानपुरको भीमफेदीमा मनाइने भिमसेन जात्रा बनाउनको लागि आर्थिक अभाव भएको छ । हरेक वर्ष कृष्ण जन्माष्टमीको भोलिपल्ट भीमसेन रथयात्रा र पूजा अचर्ना गरी बनाइने यो जात्राको लागि आर्थिक अभाव भएको हो । भिमसेन जात्राको अवसरमा भीमफेदी भोज समेत गर्ने चलन रहेको छ ।

यस वर्षको भिमसेन जाात्रा यहि श्रावण ३२ गते परेको छ । जात्राको तयारीका लागि ९ सदस्यीय जात्रा व्यवस्थापन समिति गठन गरेर व्यवस्थापन गरिने भएको छ । जात्राका लागि आर्थिक संकलन समिति,स्वयमसेवक तथा बिजुली समिति, बाजा समिति, सरसफाई तथा सांस्कृतिक समिति, प्रचार प्रसार समिति, मन्दिर व्यबस्थापन तथा बिजुली जडान समिति क्रियाशील हुने भएका छन् ।

साविक भीमफेदीग ाविसले वर्षेनी रू. ३५ हजार अनुदान गर्ने गरेको भएपनि रू. ८०हजार आवश्यक हुने भएकोले नपुग रकम भक्तजनबाट संकलनगर्ने गरिएको छ । यस वर्ष कुनै पहल नभएकोले पूर्व समितिले चिन्ताव्यक्त गरेको छ ।

### यस्तो छ, जात्राको इतिहास

भीमफेदीको नामाकरणको इतिहाससँग गाँसिएको भिमसेन मन्दिर पहिले चिसापानी गढी मुनि फेदी, पारी वजारमा थियो ।

वि.स. २०११ सालको वाढीले वगाई अलि तल ल्याई पुरिएको अवस्थामा फेला परे पछि मुर्तिलाई खनेर निकाल्न खोज्दा जति गहिरो खन्यो उति नै तल जाने भै निकाल्न नसकी त्यही खनिएको गहिराई वरीपरि सिंढी र पर्खाल बनाई मुर्ति भएको ठाउँमा मन्दिर बनाई राखिएको छ । उक्त ठाउँमा पछि बारी चल्तीमाआएको बजारमानयाँमन्दिर बनाई मुर्तिको प्रतिस्थापनागरि जात्रा संचालनगरिदै आएको हो ।

### जात्राको लागि गाउँपालिकाको बजेट

भिमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामाले हरेक वर्ष भिमफेदीमा हुने ऐतिहासिक भिमसेन जात्राको लागि बजेट छुट्याइएको बताएका छन् ।
भिमफेदी गाउँपालिका अन्तर्गत हुने त्रिखण्डी जात्रा, कृष्ण जात्रातथा भिमसेन जात्राको लागिभनेर बजेट छुटाइएको उल्लेख गरे ।

# खेलाडीलाई सम्मान

◆ विकास समाचारदाता

खेल क्षेत्रमा रहेर मकवानपुरलाई चिनाउन महत्वपूर्ण भूमिका निर्बाह गर्ने दुई जना महिला खेलाडीलाई सम्मान गरिएको छ ।

नजिकिदै गरेका हिन्दु धर्मालम्वीहरूको महान चाड हरितालिका तीजको अवसर मा लायन्स क्लब अफ हेटौंडा भुटनदेबी, लियो क्लब अफ हेटौंडा भुटनदेवी र लायन्स क्लब अफ हेटौंडा मनकामनाले संयुक्त रूपमा शुक्रबार दुई खेलाडीलाई सम्मान गरिएको हो । तीज विशेष सांस्कृतिक कार्यक्रमबीच प्रथम महिला फुटबल रेफ्री कल्पना शर्मा र मकवानपुर जुडोकी पहिलो भारत्तोलन महिला खेलाडी अन्जु रानाभाटलाई सम्मान गरिएको हो । हेटौंडा उपमहानगरका उपमेयर मीना लामाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो ।

# पाटन उच्च अदालत हेटौंडाले ६३ प्रतिशत मुद्दाको फैसला गऱ्यो

◆ विकास समाचारदाता

पाटन उच्च अदालत, हेटौंडा इजलाशले बितेको आर्थिक वर्ष २०७३/२०७४ मा ६३ प्रतिशत मुद्दाको फैसला गरेको जनाएको छ । अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएको दुई सय ६१ थान मुद्दासहित जम्मा एक हजार एक सय ७३ मुद्दामध्ये सात सय ५० वटा मुद्दाको फैसला गरिएको अदालतका रजिष्टार खड्गराज अधिकारीले जानकारी दिए ।

अदालतमा एक वर्षको अवधिमा मात्र ९ सय १२ वटा मुद्दा परेको थियो । २७ साउनमा पत्रकारहरूसँगको अन्तरक्रियामा उच्च अदालत हेटौंडा इजलाशले चालु वर्षको लागि तीन सय २० वटा मुद्दा सरेर आएकोमा यस वर्ष थप नौ सय १२ वटा मुद्दा दर्ता हुने अनुमान गरिएको जनाएको छ ।

बितेको वर्ष अदालतले नौ महिनादेखि एक वर्ष पुरानो मुद्दा ४४ वटा फैसला गरेको छ भने एक वर्षदेखि १८ महिनासम्मको २२ वटा मुद्दा फछ्र्यौट गर `को जनाएको छ । त्यस्तै १८ महिनादेखि दुई वर्ष पुरानो मुद्दा ३७ वटा फैसला गरेको रजिष्टार अधिकारीले बताए । हेटौंडा इजलाशमा गत वर्ष ७ जना न्यायधिशले मुद्दा हेरेका थिए । अदालतमा यस वर्ष सरेर आएका मुद्दामा ८४ वटा थुनुवा मुद्दा रहेका छन् भने २६ वटा प्राथमिकता प्राप्त मुद्दा फैसला हुन बाँकी रहेका छन् ।

त्यस्तै रिट निवेदन १६ वटा, साना प्रकृतिका ३४ वटा र अन्य दुई सय ३४ वटा मुद्दा पनि फैसला हुन बाँकी रहेको अदालतले जनाएको छ । अदालतमा र हेका मेलमिलापकर्तामार्फत मिलाउने किसिमका मुद्दाहरू भने निकै कम फछ्र्यौट भएको पाइएको छ । बितेको वर्ष ४४ वटा मेलमिलाप मुद्दा परेकोमा तीन वटा मात्र फछ्र्यौट भएको जनाइएको छ । २७ वटा मेलमिलापका मुद्दाहरू मेलमिलापमा आउन सकेनन् भने १४ थान मुद्दाहरू मेलमिलापकै क्रममा रहेको अदालतका रजिष्टार अधिकारीले जानकारी दिए । पत्रकार हरूसँगको अन्तर क्रियामा बोल्दै उच्च अदालत हेटौंडा इजलाशका न्यायधीश विनोद शर्माले न्याय सम्पादनको काम छिटो छरितो गर्नको भरसक प्रयास भइरहेको बताएका छन् ।

न्यायिक प्रक्रियालाई अनुमान योग्य बनाइने भन्दै उनले न्यायमा सबैको पहँच अभिवृद्धि गर्ने काममा आफूहरू प्रतिवद्ध रहेको बताए । उच्च अदालत हेटौंडा इजलाशका मुख्य न्यायधिश शुष्मलता माथेमाको अध्यक्षतामा भएको थियो ।

## चिल्लाङमा बढ्दै ... .. .

सानन स्थानीय हावापानीमा विस्तारै घुलमिल हुन थालेपछि मृत्युदर घटेको हो ।

पहिलो वर्ष १५ मध्ये ९ वटा बाख्राबाख्री मरेपनि त्यसयता मृत्युदर न्यून भएको प्राविधिकहरू बताउँछन् । डेड वर्षदेखि पाठीबाट जन्मिएको बोकालाई 'ब्याड' कै रूपमा राख्ने र पाठीलाई दूधका लागि र ाखिने सरकारी योजना छ । तत्कालीन कृषि मन्त्रालयअन्तर्गतको कृषि तथा खाद्य सुरक्षा आयोजनाले खाद्यसंकट भएका क्षेत्रमा दुधालु बाख्राबाट 'क्रस बिडिङ' गराई जन्मिएका पाठी स्थानीय किसानलाई दिने



साननको मृत्युदर सून्य भएको फार्मका नायब पशुसेवा प्राविधिक तुल्सीराम बास्तोलाको भनाइ छ ।

फार्ममा साननको संख्या बढ्न थाले पनि फार्म बाहिर समुदायलाई भने साननका पाठापाठी दिने प्रावधान नरहेको प्राविधिकहरूले बताए । साननका बोकाबाट स्थानीय खरी जातका बाख्रामा गर्भाधान गराई जन्मिएका पाठी पनि किसानलाई नदिएको नायब पशु सेवा प्राविधिक बास्तोलाले बताए । सुरूमा फार्ममै पर्याप्त पाठापाठी उत्पादन गर्ने र त्यसपछि मात्रै किसानलाई दिइने योजना रहेकोमा सोही अनुसार साननको गुण भएका बोकाहरू वितरण थालिएको छ । साननकै बोका र पौष्टिकताको कमीलाई पूरा गर्ने उद्धेश्यले सानन भित्र्याएको थियो । सानन जातको बाख्राले दैनिक ४ लिटरभन्दा बढी दूध दिने क्षमता राख्ने र दूध दिने अवधिअन्तर्गत ३०५ दिनमा ४ हजार लिटर भन्दा बढी दूध दिने प्राविधिक बास्तोलाले बताए । साना किसानले दूधका लागि गाई, भैंसी पाल्न नसक्ने भएकाले महँगो भएपनि एक करोडमा २० बोका र ३० पाठी ल्याइएको थियो ।

यसमध्ये डडेलधुराका केही किसानलाई सानन हस्तान्तरण गरिएको थियो । साननको दूधमा ३ दशमलव ५ प्रतिशत प्रोटिन पाइने हुनाले यसलाई निकै पौष्टिक मानिन्छ ।


## नेपाल सरकारको सूचना

हाम्रो हरेक कदमहरु राष्ट्रिय स्वार्थबाट प्रेरित हुने संस्कृतिको विकास गरौं ।

नेपाल सरकार
; 'rgf tyf ;~rf/ dGqfno
सूचना विभाग


# मकवानपुरबाट हराएका १ सय १४ जना महिला तथा बालबालिका फेला परेनन्

◆ विकास समाचारदाता

मकवानपुरको बकैया गाउँपालिका अन्तर्गत पर्ने धियालकी विवाहित २९ वर्षीया कान्छीमाया जिम्बा र २५ वर्षीया गंगा थिङ घरबाट हेटौंडा घुम्न हिंडेको तीन महिना भइसक्यो अहिलेसम्म उनीहरु घर फर्केका छैनन् । गत जेठ १८ गते उनीहरु घरबाट निस्केका थिए । दुवैको तीन वर्षको पुग्दै गरेका एउटा एउटा छोरी छन् ।

जिम्वा र थिङ घरमा बच्चा छाडेर सम्पर्क विहीन भएका छन् । जिम्बाका पति नेपाल सैनिकमा जागिर छन् । थिङका पति रोजगारीका लागि १८ महिनाअघि कुवेत गएका छन् । बुहारीहरु घर फर्केनन् भनेर दुवैका ससुराले जिल्ला प्रहरी कार्यालय हेटौंडाको महिला सेलमा ०७३ असार १५ गते निवेदन दिएका थिए । खोजी गरिदिन अनुरोध गर्दै निवेदन दिएका हुन् । धियालको मात्र होइन भीमफेदी गाउँपालिका अन्तर्गत पर्ने नामटारकी २४ वर्षीया विवाहित सुन्तली थापामगर पनि बेपत्ता भएको दुई महिना भइसक्यो, उनका पतिले उनलाई अहिलेसम्म फेला पार्न सकेका छैनन् । प्रहरीलाई खोजबिन गरिदिन निवेदन दिएका छन् । पति अर्जुन थापाले विदेशबाट फर्केको दिनदेखि पत्नीको खोजबिनमा जुटिरहेका छन् ।

कतारबाट पति थापा काठमाडौं ओर्लेकै दिनदेखि सुन्तली घरबाट बेपत्ता भएकी हुन् । घरका सासू ससुरालाई काठमाडौंमा पति लिन जान लागेको भनेर उनी घरबाट निस्केकी थिइन् । उनी पतिलाई स्वागत गर्न पुगिनन् र घर पनि फर्किनन् । तीन र पाँच वर्षका दुई छोरालाई छाडेर सुन्तली बेपत्ता भएकी छन् । पतिले विदेशबाट पठाएको सबै पैसा लिएर उनी बेपत्ता भएकी हुन् । हेटौडा उपमहानगरपालिका-३ की २१ वर्षीया सुनिता मोक्तान विदेश जान्छु भनेर हिंडेको ५ महिना भइसकेको अहिलेसम्म अत्तोपत्तो छैन । विदेशमा गएर हराएको हो कि,अन्त कतै गएको हो अहिलेसम्म अत्तोपत्तो छैन बावु मानबहादुर मोक्तानले भने ।

*आर्थिक वर्ष ०७३/०७४ मा ४५ जना अविवाहितसहित १ सय ६० जना महिला हराएका थिए । ६० जना बालिकासहित ८० जना बालबालिका बेपत्ता भए । हराएकामध्ये ७९ जना महिला र ४५ जना बालबालिका फेला परेको प्रहरी नायब उपरीक्षक बामदेव गौतमले बताए ।*

छोरीको खोजबिन गरिदिन जिल्ला प्रहरी कार्यालय हेटौंडामा निवेदन दिएका छन् । वैदेशिक रोजगारीका निम्ति साढे एक वर्षअघि कतार पुगेका मकवानपुरगढी अन्तर्गत सुकौराका श्यामसुन्दर भ्लोनको पनि पत्नी ०७४ असार १५ गते घरबाट बेपत्ता भएकी छन् । उनका ससुराले जिल्ला प्रहरी कार्यालय हेटौंडामा खोजबिन गरिदिन निवेदन दिएका छन् । आव ०७३/०७४ को असार महिनामात्र विवाहित २१ सहित २९ जना महिला बेपत्ता भएका छन् । मनहरी गाउँपालिका अन्तर्गत रमनटारका २ बालक र एक बालिका जेठको १५ गतेदेखि हराएका छन् । घरबाट मनहरी बजार घुम्न आएका तीन बालबालिका अहिलेसम्म घर फर्केका छैनन् । अभिभावकले तीनै जनाको तस्बिर सहित प्रहरीमा खोजी गरिदिन निवेदन दिएका छन् ।

असार महिनामामात्र मकवानपुरका ५ बालिकासहित ८ जना बालबालिका हराएको महिला सेलले जानकारी दिएको छ । आव ०७३/०७४ मा ४५ जना अविवाहितसहित १ सय ६० जना महिला हराएका थिए । ६० जना बालिकासहित ८० जना बालबालिका बेपत्ता भए । हराएकामध्ये ७९ जना महिला र ४५ जना बालबालिका फेला परेको प्रहरी नायब उपरीक्षक बामदेव गौतमले बताए । आव ०७२/०७३ का २ सय ७८ जना महिला तथा बालबालिका हराएका थिए, तीमध्ये ६७ जनामात्र फेला परेका थिए । २ सय ११ जना फेला परेका थिएनन् । गत आवमा १ सय १४ जनामात्र फेला परेका छैनन् ।

जिल्ला प्रहरीका अनुसार अघिल्लो आवको तुलनामा गत आवमा हराउनेको संख्यामा कमी आएको छ भने फेला पर्नेको संख्या बढेको छ । 'भूकम्पलगायत विविध कारणले आव ०७२/०७३ मा महिला तथा बालबालिका बेपत्ता हुने संख्या बढेको थियो,' प्रहरी महिला सेलकी प्रमुख दिपा कार्कीले भनिन्, 'भूकम्पको प्रभाव क्रमशः न्यूनीकरण हुँदै गएपछि महिला तथा बालबालिका बेपत्ता हुनेको संख्या पनि घटेको छ ।' प्रहरी कार्यालयको सूचीमा बेपत्ता भनिएकाहरु पनि घरमा आइसकेका होलान् तर कार्यालयलाई जानकारी नदिएका कारणले हराउनेको सूची धेरै देखिएको प्रहरीको दाबी छ । मकवानपुरबाट बेपत्ता भएका अधिकांश महिला र बालबालिका देह व्यापार र सर्कसका लागि भारतमा बेचिने गरेका छन् । केही पतिलाई छाडेर दोस्रो विवाह गरेर सम्पर्क विहीन हुने गरेका छन् ।

'छोरी, बुहारी, नातिनातिनाहरु हराउँदा उनीहरुको आफन्तहरु रूँदै निवेदन दिन आउने गर्छन् तर पछि अनुगमन पनि गर्दैनन् र घर फर्केको पनि जानकारी नै दिंदैनन्,' प्रहरी नायब उपरीक्षक गौतमले भने, 'फेला परेपछि परिवारले जानकारी नै नदिने कारणले बेपत्ता महिला र बालबालिकाको संख्या धेरै देखिएको हो ।' मकवानपुरबाट महिला र बालबालिकालाई विभिन्न प्रलोभनमा पारेर अवैधानिक ढंगले विदेशमा लगेर बिक्री गरेका छन् ।

### महिला तथा बालबालिका मात्रै

| आ.व. २०७२/०७३ |
|---|
| २ सय ११ जना बेपत्ता |
| **आ.व. २०७३/०७४** |
| १ सय १४ जना बेपत्ता |

## कुलेखानी-फाखेल एक महिना बन्द हुने

कुलेखानी-फाखेल हुमाने भञ्ज्याङ सडक २४ फागुनबाट फेरि बन्द हुने भएको छ । सेकेण्ड कोट वटासिल पिचको गर्नको लागि करिब एक सातासम्म सो सडकमा सवारी आवतजावतमा रोक लगाइन लागेको हो । साउन मसान्तसम्म सो सडक बन्द गरेर सेकेन्ड कोड वटासिल पिच गरिने जिल्ला समन्वय समिति मकवानपुरले सूचना जारी गर्दै जानकारी दिएको छ ।

जिल्ला समन्वय समिति मकवानपुर को कार्यालयबाट सञ्चालित राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण अन्तर्गतको कुलेखानी-फाखेल हुमाने भञ्ज्याङ सडकमा वटासिलका गरिनुका साथै विभिन्न स्थानहरूमा पहिरो गएका कारण ती पहिरो पन्छाएर विभिन्न संरचना निर्माण गर्न बाटो बन्द गर्न लागिएको जनाइएको छ ।




अनलाईनबाटै
ufpF/sf va/, ca ljZje/
www.bikaskhabar.com
लगअन गर्नुहोस् ।
'तपाई जहाँ, विकासखबर त्यहाँ'
दैनिक कुर्नै पर्दैन
पलपलको खबर....
विकासखबर डट.कम.
इमेल:
bikaskhabar@gmail.com

